## ९. अग्रिम कर कट्टी (TDS)

### १. अग्रिम कर कट्टी भनेको के हो ?

*आयकर ऐनले तोकिएका भुक्तानीमा भुक्तानी गर्दाका बखत निश्चित दरमा लाग्ने कर अग्रिम रुपमा कट्टी गर्ने व्यवस्थालाई अग्रिम कर कट्टि (TDS) भनिन्छ । यो Pay as Your Earn भन्ने सिद्धान्तमा आधारित छ । करदातालाई कर भुक्तानी र सरकारको कर संकलन लागत घटाउन यस्तो प्रणाली अपनाउने गरिन्छ ।*

### २. अग्रिम कर कट्टी कसले गर्नुपर्दछ ?

कर लाग्ने कुनै पनि भुक्तानी गर्दा भुक्तानीकर्ताले अग्रिम कर कट्टी गर्नुपर्दछ ।

### ३. अग्रिम कर कट्टी कुन -कुन भुक्तानीमा गर्नुपर्छ ?

*आयकर ऐन, २०५८ को परिच्छेद १७ मा उल्लेख भए अनुसार पारिश्रमिक तथा भत्ता ( रोजगारीको आय), बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क (कमिशन वा बिक्री बोनस), लाभांश, लगानी बीमाको लाभ, अवकाश भुक्तानी, ठेक्का वा करार वापत ५० हजार रुपैया भन्दा बढीको रकम भुक्तानी, वासिन्दा निकायमा रहेको हितको निसर्गबाट लाभांश, भाडा, प्राप्त लाभ, गैर बासिन्दा बीमा कम्पनिलाई गरिने प्रिमियम भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्दछ ।*

### ४. अग्रिम कर कट्टी गर्न छुट भएमा सो को जिम्मेवार व्यक्ति भुक्तानी दिने र लिने मध्ये को हुन्छ ?

*अग्रिम कर कट्टी गर्न छुट भएमा अग्रिम कर कट्टी हुने व्यक्ति र सो अग्रिम कर कट्टी गर्ने व्यक्ति दुबैजना संयुक्त रुपमा र छुट्टा-छुट्टै रुपमा जिम्मेवार हुन्छन् ।*

### ५. अग्रिम कर कट्टी कहिले गर्नुपर्छ ?

*अग्रिम कर कट्टी भुक्तानी गर्दाका बखत वा खर्च लेख्दाका बखत गर्नुपर्दछ ।*

### ६. अग्रिम कर कट्टी गरेको रकम मिलान गर्न पाइन्छ पाइदैन ?

*अन्तिम रुपमा कर कट्टी हुने भुक्तानी बाहेक अन्य अग्रिम कर कट्टीको रकम आय विवरण साथ दाखिला गर्नुपर्ने कर रकममा मिलान गर्न पाइन्छ ।*

### ७. कुन - कुन भुक्तानीको अग्रिम कर कट्टी अन्तिम हुन्छ ?

*बासिन्दा कम्पनिले भुक्तानी गरेको लाभांश, व्यवसाय सञ्चालन गरिरहेको बाहेक प्राकृतिक व्यक्तिलाई नेपालमा श्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरू र उपकरणहरू वापत भुक्तानी गरिने भाडा, बासिन्दा व्यक्तिले लगानी बीमा वापत भुक्तानी गरेको लाभ र व्यक्तिगत दुर्घटना वापतको क्षतिपूर्तिको भुक्तानी, बासिन्दा व्यक्तिले तिरेको स्वीकृति नलिएको अवकाश कोषको हित वापत भुक्तानी गरेको लाभ, बैंक, वित्तीय संस्था वा ऋण पत्र जारी गर्ने अन्य कुनै निकाय वा प्रचलित कानून बमोजिम सूचिकृत भएका कम्पनिले नेपालमा श्रोत भएको र व्यवसाय सञ्चालन संग सम्बन्धित नभएको प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको व्याज, कर छुट पाउने संस्थालाई भुक्तानी गरेको व्याज, गैर वासिन्दा व्यक्तिलाई दिइएको कर कट्टी हुनुपर्ने भुक्तानी, नेपाल सरकार वा स्वीकृत अवकाश कोष वा स्वीकृति नलिएको अवकाश कोषबाट भुक्तानी गरिएको अवकाश भुक्तानी समेत सबै अवकाश भुक्तानीहरू र बैठक भत्ता, पटके रुपमा अध्यापन गराए वापतको भुक्तानीमा गरिएको अग्रिम कर कट्टी अन्तिम हुन्छ ।*

**८. अग्रिम कर कट्टी रकम मिलान गर्न कुनै वर्ष छुट भए पछिल्लो वर्षमा मिलान गर्न पाइन्छ वा पाइदैन ?**

*अग्रिम कर कट्टी रकम मिलान गर्न कुनै वर्ष छुट भए पछिल्लो वर्षमा मिलान गर्न पाइदैन । अन्य कर दायित्व चुक्ता गरेर बढी दाखिला गरेको अग्रिम कर फिर्ता माग गर्न पाईन्छ ।*

**९. अग्रिम कर कट्टी करेको रकम कहाँ र कहिले दाखिला गर्नुपर्छ ?**

*भुक्तानीकर्ताले अग्रिम कर कट्टी गरेको रकम तोकिएको बैंकमा वा कार्यालयमा सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी सो को विवरण र राजस्व दाखिलाको जानकारी आफूले स्थायी लेखा नम्बर लिएको कार्यालय वा भुक्तानी स्थलबाट नजिकको । सम्बद्ध रहेको आन्तरिक राजस्व कार्यालयमा भुक्तानी गरिएको महिना समाप्त भएको १५ दिनभित्र दाखिला गर्नुपर्छ ।*

**१०. अग्रिम कर कट्टी रकम दाखिला गर्दा विवरण पेश गर्नु पर्छ पर्दैन ?**

*अग्रिम कर कट्टी गर्ने व्यक्तिले अग्रिम कर कट्टी हुनेको विवरण आन्तरिक राजस्व कार्यालयमा दिनु पर्दछ । यस्तो विवरण र रकम संयुक्त रुपमा वा छुट्टा-छुट्टै पेश गर्न सकिन्छ ।*

**११. Internet बाट अग्रिम कर कट्टी सम्बन्धी विवरण बुझाउने सुविधा छ छैन ? e-TDS गरेमा सो प्रमाणित कहाँबाट हुन्छ ?**

*इन्टरनेटबाट पनि अग्रिम कर कट्टी विवरण बुझाउने सुविधा छ । सोका लागि पहिलो एक पटक सम्बन्धित कार्यालयबाट गोप्य संकेत (Password) प्राप्त गर्नुपर्दछ । e-TDS गरेमा सम्बन्धित कार्यालयबाट प्रमाणित गराउनु पर्दछ ।*

**१२. अन्तिम रुपमा कर कट्टी हुन व्यक्तिले स्थायी लेखा नं. लिनु पर्छ पर्दैन ?**

*अन्तिम रुपमा कर कट्टी हुने व्यक्तिले व्यवसायी स्थायी लेखा नम्बर लिन अनिवार्य छैन । तर वैयक्तिक PAN भने लिनु पर्दछ ।*